# ५ म जन्मेको दिन धिक्कार होस्

<u>*यस अध्यायका मूल पदहरू:*</u> अय्यूब ३:१-१०, यूहन्ना ११:११-१४, अय्यूब ६:१-३, अय्यूब ७:१-११, अय्यूब ७:१७-२१ र भजन ८:४-६।

**यस अध्यायको स्मरण गर्नुपर्ने पदः "११ "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा (अति प्रशंसा), आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ। सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएकोले नै तपाईं योग्यको हुनुभएको हो। तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" प्रकाश ४:११)।**

जब हामी अय्यूबको पुस्तक पढ्छौं तब हामीलाई स्पष्टरूपमा दुई फाइदाहरू हुन्छन्: (१) त्यो पुस्तक वा अय्यूबको बृतान्त कसरी अन्त हुन्छ भनेर हामीलाई थाहा र (२) ख्रीष्ट र शैतानको बीचमा त्यसै बेला युद्ध भइरहेको थियो भन्ने आत्मज्ञान।

तर अय्यूबलाई ती कुनै पनि कुरा थाहा थिएन। सुरूमा उनको जीवन सामान्य रूपमा ठिकै तरिकाले चलिरहेको उनलाई थाहा थियो। अनि अचानक एक पछि अर्को भयङ्कर आपद् वा दुर्घट्ना उनले सामना गर्नुपर्‍यो। त्यसकारण यस व्यक्ति जुन् सारा पूर्वको अति महान् व्यक्ति भनेर सम्मान गरिएको अय्यूब अचानक शोकाकुल भएको र खरानीको थुप्रोमा बेदनाको चित्कार गरिरहेको पाउन पुग्यो।

अय्यूबको बारेमा अध्ययन गर्ने निरन्तरताको क्रममा हामीले हामी पनि अय्यूबको स्थानमा राखौं। यदि हामी अय्यूबको आँखाले उनमा भएको पीडा हेर्न सक्यौं भने उनले सामना गर्न पुगेका अन्यौल जीवन, क्रोध र शोकलाई राम्ररी बुझ्न सक्छौं। साँच्चिकै भनौं भने हामीहरूको जीवनलाई हेर्दा हामीलाई अय्यूबको स्थानमा हामीलाई राख्न त्यस्तो गाऱ्हो छैन, छन् त? हुन त हामी अय्यूबले जस्तो घनघोर कष्ट त पाएका छैनौं होला, तर हामीमध्ये को नहोला जसले यस पापी संसारमा मानव जीवन बिताउनुपर्दा पीडा र अन्यौलता भोगेनौं होला जसले गर्दा दुःख र दिग्दारीपनाको भुमरीमा परिरहेका हुन्छौं। अझ जटिल प्रश्न वा अन्यौल प्रश्न त यो हो कि परमेश्वरको सेवा हामीले जतिसुकै इमान्दारीतापूर्वक र विश्वासपूर्वक गरेतापनि दुःखकष्ट आउनबाट हामीलाई

कसैले पनि छेकेको हुँदैन? उहाँको अगाडि जे ठिक छ त्यही गर्छौं तै पनि हामी मानौं उल्टो दिशातिर गइरहेको अनुभव गर्छौं।

## १. त्यो दिन नाश होस् (अय्यूब ३:१-१०)

कल्पना गर्नुहोस् तपाईं अय्यूब हुनुहुन्छ। तपाईं जन्मनु भयो हुर्कनु भयो। तपाईं परमेश्वरको आशिष अनुसार आफ्नो लक्ष्यमा अघि बढेर सम्पन्न जीवन बिताउनुभयो। तपाईंको परिश्रम र परमेश्वरमाथि अगाढ आस्था राखेर चल्दा खुशीसाथ जीवन बिताइरहनुभयो र सबैको सामु आदरणीय व्यक्ति हुनुभयो तर एक दिन तपाईंको वरिपरि भएका तपाईंका सबै श्रीसम्पत्ती चक्नाचुर भएर नाश हुन्छ। त्यो किन भयो सो अर्थहिन देखिन्छ। परमेश्वरमाथि भरोसा राखेर उहाँको चाहना अनुसार चल्दा पनि तपाईंको जीवन ढल्नुको कुनै कारण देखिन्दैन। चाहे असलको निम्ति होस् वा खराबको निम्ति होस्, तपाईंलाई जुन सर्बनाश हुन आयो त्यसको कारणै नभएको तपाईं पाउनुहुन्छ।

धेरै वर्ष पहिले एउटा स्कुलको बस बाटोबाट खस्यो र त्यसमा भएका धेरै विद्यार्थीहरूको मृत्यु भयो। एक जना नास्तिक वा परमेश्वरप्रति आस्था नराख्ने व्यक्तिले भन्यो, "यस अर्थहिन, लक्ष्यहिन र दिशाहिन संसारमा यस्तो खालको भयानक दुर्घट्नाहरू हुनु स्वभाविकै हो।" यस्तो हृदयलाई च्वास्स च्वास्स घोच्ने खालको भयानक घट्नाको केही अर्थ नदेखिनु स्वभाविकै हो। त्यस नास्तिकले उपरोक्त अर्थहिन घट्नालाई लिएर जुन् भावना व्यक्त गरे त्यो भावना अर्थहिन संसारको चित्रण गरेको थियो।

तर परमेश्वरलाई विश्वास गर्नेहरूको निम्ति त्यस्तो खालको जवाफ मनासिव देखिन्दैन। र परमेश्वरको परमभक्त अय्यूबको निम्ति पनि त्यो खालको भावनाले काम गरेको देखिन्दैन। तर त्यसको सही जवाफ के हो त? कसले चित्तबुझ्दो तरिकाले त्य हृदयविधारक घट्नाको व्याख्या गर्न सक्छ र? निश्चय नै त्यसको जवाफ अय्यूबसँग थिएन। आफ्नो दुर्गती बाहेक उनीसँग केही थिएन। त्यसले गर्दा प्रश्नहरूको ओइरोबाहेक उनीसँग केही थिएन।

अय्यूबलाई असह्य बिपत्तीको सामना गर्दा एउटा मानव जातको हिसाब आफ्नो शोक जसरी व्यक्त गरे त्यसलाई बुझेर उनीसँग किन सहमत हुन पुग्छौं? हेर्नुहोस, अय्यूब ३:१-१० "१ तब अय्यूबले आफ्नो मुख खोलेर, आफ्नो जन्मेको दिनलाई धिक्कार्न लागे। २ अनि तिनले भनेः ३ “धिक्कार होस्, म जन्मेको दिनलाई, ‘एउटा बालकको जन्म भयो’ भनिएको रात। ४

त्यो दिन अन्धकारमा परिवर्तन होस्। स्वर्गबाट परमेश्वरले त्यसको वास्ता नगरून्, ज्योति त्यसमाथि नचम्कोस्। ५ अन्धकार र मृत्युको छाँयाले त्यो रातलाई छोपोस्। बादलले त्यस दिनलाई ढाकोस्। त्यसको उज्यालोलाई अन्धकारले निभाइदेओस्। ६ निस्पट्ट अँध्यारोले त्यस रातलाई निलोस्, वर्षका दिनहरूमा त्यस रातको गन्ती नहोस्। महिनाको गन्तीमा त्यो आउन नपाओस्। ७ त्यो रात सदासर्वदाको निम्ति बाँझो रहोस्, त्यसमा कुनै रमाहटको स्वर नसुनिओस्। ८ जसले दिनहरूलाई सराप्छ त्यस दिनलाई सरापोस् जो लिव्यातन्लाई उठाउन तयार छ। ९ त्यसको बिहानीको कुनै ताराले प्रकाश नदिओस्। बिहानको उज्यालो त्यसले व्यर्थमा प्रतीक्षा गरिरहनुपरोस्। त्यस दिनले उषाको प्रथम किरणलाई देख्नै नपाओस्। १० किनभने कष्ट मेरो आँखाबाट छल्नलाई मलाई जन्माउने गर्भको ढोका त्यसले थुनेन।"

हो, हाम्रो जीवन परमेश्वरको बरदान वा उपहार हो। परमेश्वरले हामीलाई सृष्टि गर्नुभएकै कारणले हामी सास फेर्दै जिउन पाएका छौं (प्रेरित १७:२८, प्रकाश ४:१०)। हामीहरूको जीवन आफै पनि अचम्मको छ र चमत्कारपूर्ण छ। वर्तमान विज्ञानलाई पनि मानव जीवनले अकमक पारेको छ। जतिसुकै मै हुँ भन्ने धुरन्धर वैज्ञानिकहरूको बीचमा पनि जीवनको अर्थहरूको व्याख्यासँग सहमत नभएको पाइन्छ। यस पृथ्वीमा जीवन कसरी आयो र किन यसको अस्तित्व भयो त्यसको बारेमा व्याख्या गर्न तिनीहरू सक्दैनन्।

जब दिग्दारीपना वा अत्यन्त दिक्कको भुमरीमा कोही पर्छ भने त्यसले यस जीवनको महत्त्वको बारेमा प्रश्न नगर्ने को होला? लक्ष्यहिन जीवनदेखि दिक्क भएर आत्महत्या गर्ने दुर्भाग्य मामिलाहरूको बारेमा हामी चर्चा गरिरहेका छैनौं। तर बेला बेलामा हामी पनि अय्यूबले जस्तै हामी पनि नजन्मेको भए हुनेथियो भनेर कतिले भनेनौं होला?

बाइबलको समयमा रहेका एक जना ग्रीक वा युनानी चिन्तकले यसरी व्यक्त आफ्नो बिचार गरेका थिए "मानिसको निम्ति सबभन्दा असल कुरो त यही छ उनी नजन्मनु नै उनको लागि असल छ।" उनको भनाईको अर्थ यो छ कि कतिपय समयमा हामीहरूको जीवन यस्तो भयानक छ कि हामी बाँचिरहनुको सट्टा मर्नु नै बेस। अर्थात् यदि हामी बाँचिरहनौं भने यस पापी संसारमा आउने हामीहरूको जीवनको अनेकन् दुःखकष्टबाट हामी जोगिने छौं।

के कुनै समयमा तपाईं पनि अय्यूबले व्यक्त गरेका निराशको भावना व्यक्त गर्नुभएको छ? आफू कहिलै पनि नजन्मेको भए असल हुने थियो भनेर के तपाईंले आफ्नो दुखेसो पोखाउनुभएको छ? त्यो दुखेसो पोखाएपछि के तपाईंको मन हलुका भएको छ? अत्यन्त खराब समयमा पनि हामीहरूको भविष्य उज्यालो हुनेछ भन्ने आश्वासनलाई सम्झिरहनु किन जरुरी छ?

## २. चिहानमा बिश्राम गरिरहन पाए हुन्थ्यो (अय्यूब ३:११-२६)

अय्यूब ३:११-२६मा अय्यूबले गरेको भावना कतिको मार्मिक छ? उनले आफ्नो शोकलाई निरन्तररूपमा कसरी व्यक्त गर्दछन्? मृत्युको बारेमा उनको धारणा कस्तो छ? हेर्नुहोस्: " **११ आमाको पेटमा म किन मरिनँ वा जन्मने बित्तिकै म किन मरिनँ?** १२ आमाले मलाई किन काखमा खेलाइन्? र किन दूध खुवाइन्? १३ म त्यति बेला नै मर्न पाएको भए विश्राम पाउनेथिएँ। १४ भत्किसकेका राज-महलहरू बनाउने ती राजाहरू र महाराजाहरूझैं अहिले म सुतिरहेको हुनेथिएँ। १५ आफ्ना महलमा सुन र चाँदी थुपार्ने राजकुमारहरूझैं म सुतिरहेको हुनेथिएँ १६ वा त मरेकै जन्मेको बालकझैं म सुतिरहेको हुनेथिएँ। १७ चिहानमा दुष्ट मानिसहरू दुष्टयाइँ गर्न छोड्दछन् र थाकेका मानिसहरूले विश्राम पाउँछन्। १८ कैदीहरूले पनि त्यहाँ शान्ति पाउँछन् र तिनीहरूले कडा आज्ञाको चर्को सोर सुन्दैनन्। १९ त्यहाँ ठूला-साना सबै छन् र कमारा-कमारीहरू अन्तमा मुक्त हुन्छन्। २० किन मानिसहरूलाई कष्टमा जिइरहन दिनु? किन शोकमा परेकाहरूलाई ज्योति दिनु? २१ तिनीहरूले मृत्यु पर्खिरहन्छन् तर त्यो कहिल्यै आउँदैन। तिनीहरू धनभन्दा चिहान ज्यादा रुचाउँछन्। २२ मरेर चिहानमा नपुगेसम्म तिनीहरू खुसी हुँदैनन्। २३ परमेश्वरले तिनीहरूका चारैतर्फ घेरा लाउनुहुन्छ र भविष्य लुकाइराख्नुहुन्छ। २४ सुस्केरा मेरो खाजा हो र पीडाको चीत्कार मेरो पिउने पानी हो। २५ जे कुराले मलाई तर्साउँछ, जे कुरासित म डराउँछु, त्यही हुन आउँछ। २६ मलाई शान्ति छैन, मलाई विश्राम छैन र मेरो दुःखको अन्त नै छैन।"

दिमागलाई आतङ्कित बनाउने शोक र पीडाको सामना बिचरा अय्यूबले कसरी गरिरहेको थियो भनेर हामीले केवल कल्पनामात्र गर्न सक्छौं। आफ्ना श्रीसम्पत्तिको नाश र आफ्नो शरीरको पनि दुर्गति भोग्न उनलाई मुश्किल त थियो नै। तर एक जनामात्र होइन सबै छोराछोरीहरू उनले गुमाउनुपर्दा उनलाई झन कस्तो असह्य पीडा भइरहेको थियो होला? उनका दश जना छोराछोरीहरू थिए ती सबै मिनेटको भरमा सखाप भए। त्यस्तो परिस्थितिमा उनी मर्न पाएपनि

हुन्थ्यो भन्ने चाहना गर्नु मानव जीवनको निम्ति स्वभाविकै हो। तर येशू र शैतानको बीचमा भइरहेको महान् विवादिय युद्धले (को भन्दा को ठिक) गर्दा उनको जीवन युद्धभूमिमा परिणत भएको थियो भनेर उनलाई थाहा थिएन। तर थाहा नै पाएतापनि के उनले संतोषको सास फेर्न सक्थ्यो होला र, होइन त?

तर मृत्युको बारेमा आफ्नो धारणा व्यक्त गरेको हेर्नुहोस्। यदि उनी मरेको भए के हुने थियो? के तुरन्तै स्वर्गमा हर्षसाथ पस्न सक्थ्यो र? अरू त के कतिपय इसाई भनाउँदाहरूकै धारणासँग सहमत नहुने मरेपछि तत्कालै स्वर्गमा गएर परमेश्वरसँग आनन्दसाथ रहने के अय्यूबको विश्वास थियो त? के उनले स्वर्गमा स्वर्गदूतहरूसँग बाजागाजा बजाइरहने थियो होला? मरेपछि तुरन्तै स्वर्गमा पुगिन्छ भन्ने शिक्षा बाइबलले सिकाउँदैन। तर अय्यूबले के भन्छन्? " चिहानमा म चुपचाप बिश्राम पाइरहने थिएँ होला। म सुतिरहने थिएँ होला। अनि कुनै कुराको फिक्रि नगरि आराम पाइरहने हुँला (अय्यूब ३:१३ रूपान्तरित)।

त्यही सन्दर्भमा बाइबलका केही भागहरूमा अय्यूबले व्यक्त गरेको धारणासँग कसरी मिल्दोजुल्दो हुन्छ सो हेर्नुहोस्। बाइबलले सिकाएको अनुसार मानिस मरेपछि तत्काल के हुन्छ त्यससँग मञ्जुर हुन सिक्नुहोस्। हेर्नुहोस् उपदेशक ९:५,६ "५ जिउँदाले हामी मर्नेछौं भनी जान्दछन्, तर मुर्दाले केही पनि जान्दैन। तिनीहरूले पाउनुपर्ने कुरा अरू केही छैन, तिनीहरूलाई सबैले बिर्सिनेछन्। ६ तिनीहरूका माया-मोह, घृणा र भावनाहरू तिनीहरूसितै मरिजान्छन्। तिनीहरूले फेरि कहिल्यै संसारमा गरिएका काममा भाग लिनेछैनन्।" र यूहन्ना ११:१-१४ "१ बेथानिया गाउँमा लाजरस नाउँ भएका मानिस बिरामी भएका थिए। त्यही गाउँमा मरियम र उनकी दिदी मार्था बसेका थिए। २ यिनै मरियमले एकपल्ट येशूको पाउमा अत्तर खन्याएर आफ्नो कपालले पुछेकी थिइन् र बिरामी भएका लाजरसचाहिँ ती दुई दिदी-बहिनीका भाइ थिए। ३ मार्था र मरियमले "प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी बिरामी छन्," भन्ने खबर येशूकहाँ पठाए। ४ यो खबर सुनेर येशूले भन्नुभयो, "लाजरस बिरामी छन्, तर अन्तमा उनी मर्नेछैनन्। उनी बिरामी भएको त परमेश्वरको महिमाको निम्ति हो र यसैद्वारा मानिसहरूले परमेश्वरको पुत्रको पनि महिमा गर्नेछन्।" ५ येशूले मार्था, मरियम र लाजरसलाई धेरै माया गर्नुहुन्थ्यो। ६ तैपनि बिरामी भएको खबर सुनेपछि उहाँ आफू हुनुभएको ठाउँमा अझै दुई दिन बस्नुभयो। ७ त्यसपछि येशूले चेलाहरूलाई भन्नुभयो, "अब हामी फेरि यहूदिया क्षेत्रमा जाऔं।" ८ चेलाहरूले भने, "गुरुज्यू, केही दिनअघि मात्र त्यहाँ यहूदी अगुवाहरूले तपाईंलाई ढुङ्गाले

हानेर मार्न खोजेका थिए। फेरि तपाईं त्यही ठाउँमा जान खोज्दै हुनुहुन्छ?" ९ येशूले भन्नुभयो, "दिनमा बाह्र घण्टा हुन्छ, होइन र? दिउँसो हिँड्ने मानिसलाई चाहिँ ठेस लाग्दैन किनभने उसले घामको उज्यालो पाएको हुन्छ। १० तर रातमा हिँड्नेलाई ठेस लाग्छ किनभने रातमा त ऊसँग उज्यालो हुँदैन।" ११ त्यसपछि येशूले भन्नुभयो, "हाम्रा साथी लाजरस निद्रामा परेका छन्। अब म उनलाई बिउँझाउन जान्छु।" १२ चेलाहरूले भने, "प्रभु, यदि उनी निदाएका छन् भने त निको हुनेछन्!" १३ येशूको भनाइको अर्थचाहिँ 'लाजरस मरिसके' भन्ने थियो। तर चेलाहरूले चाहिँ लाजरस साँच्चै निदाएका मात्रै छन् भन्ने सम्झेका थिए। १४ त्यसकारण येशूले सिधै भन्नुभयो, "लाजरस मरिसकेका छन्। १५ तर तिमीहरूको विश्वास बढोस् भनेर नै म त्यहाँ तुरुन्तै नगएको हो। त्यसैले मलाई खुसी लागेको छ। अब हिँड, हामी उनीकहाँ जाऔं।"

बाइबलको सबभन्दा पुरानो पुस्तक अय्यूबमा मानिस मरेपछि तत्काल के हुन्छ भन्ने सबभन्दा पुरानो धारणा व्यक्त गरेको हुनसक्छ। अय्यूबले चाहेको कुरा नै उनी विश्राममा रहन चाहेका थिए। उनको जीवन अचानक तितो, कठिन, गाऱ्हो र यस्तो पीडादायी थियो कि उनले चिहानमा आराम गर्ने चाहनाबाहेक अरू बिकल्प देख्न चाहेका थिएनन्। उनी कति दिक्क भएका थिए, उनको हृदय यसरी छिया छिया भएको थियो कि उनमाथि दुर्गति ओइरहनुभन्दा अघि उनको जीवनमा भएका हर्ष तथा खुशियालीहरू उनले बिर्सेका थिए। जन्मेकै बेलामा उनी मरेको भए हुनेथियो भनेर उनले दुखेसो पोखाएका थिए।

**येशूलाई विश्वास गरेकै कारणले हामीहरूसँग भविष्यको निम्ति अचम्मका प्रतिज्ञा तथा आश्वासनहरू छन्। तर तत्कालै हामीहरूले मनलाई छिया छिया गर्ने नराम्रो घट्ना हामीमा पर्न गयो भने के गर्ने? विगतको समयमा परमेश्वरको आशिषले असल समय बितेको थियो भनेर सम्झेर त्यसबाट हामीले सान्त्वना लिन कसरी सिक्ने?**

## ३. अरू मानिसहरूको पीडा (अय्यूब ६:२,३)

**अय्यूबको दुखेसो र शोक पोखाएको वर्णनको लेखा राखेर अय्यूब ३ अध्यायको अन्त हुन्छ। त्यसपछिको दुई अध्यायमा उनको मित्र इलिपाज देखा पर्छन्। अय्यूबको कष्ट देखेर यदि धर्मी नै भएको भए उनले किन दुःख पाए भनेर उनले अय्यूबलाई लामो उपदेश दिन्छन् (त्यसको बारेमा अझ हामी अर्को अध्यायमा हेर्नेछौं)। अनि अध्याय ६ र ७मा त्यसको प्रत्यत्तरमा अय्यूबले आफ्नो दुःखकष्टको बारेमा दुखेसो पोखाउँछन्।**

"ओहो, मेरो चाहना अनुसार मेरो असह्य पीडा जोख्न सकेको भए हुन्थ्यो! मेरा सबै दुःखकष्टहरू तराजुमा जोख्न सकेको भए के हुन्थ्यो होला? मलाई निश्चय छ कि तिनीहरू समुद्रको किनारामा भएको बालुवा भन्दा धेरै धेरै गऱ्हौं हुन्थ्यो होला।" (अय्यूब ६:२,३ रूपान्तरित)। उपरोक्त पदहरूमा आफ्नो पीडाको बारेमा अय्यूबले कसरी दुखेसो पोखाइरहेका छन्?

**अय्यूबले प्रयोग गरेको भाषामा उनको दुःखको बारेमा स्पष्टरूपमा चित्रण गरेको पाइन्छ। यदि समुद्रको सबै बालुवाहरू तराजुको एक ठाउँमा जम्मा गरिए र उनको दुःख र उनले भोगेका भयानक आपदबिपदहरू अर्को ठाउँमा जम्मा गरिए उनको दुःख ती बालुवाहरूभन्दा गऱ्हौं हुनेछ भनेर अय्यूबले गुनासो पोखाउँछन्।**

**अय्यूबको पीडाको वास्तविकतालाई उनले राम्रैसँग चित्रण गरेका छन्। फेरि त्यो कष्ट र पीडा उनको आफ्नैमात्रको हो, अरू कसैको पनि होइन। कहिलेकाहीं हामीले मानव जीवनको सबै दुःखकष्ट र पीडालाई जम्मा गऱ्यो भने कति हुने थियो भनेर चर्चा गर्छौं। तर त्यसले यथार्थमा दुःखको सत्य व्याख्यालाई पूर्णरूपमा चित्रण गर्न सक्दैन। हामी समूहमा दुःख पाउँदैनौं। हामी अरू कसैको पीडा भोग्दैनौं। जे दुःखकष्ट हामी भोग्छौं त्यो हामीहरूको आफ्नै हो। हामीहरूको दुःख हामीलाई मात्र थाहा छ। हामीहरूको हृदयमा परिरहेको पीडा हामीलाईमात्र थाहा छ। अय्यूबको पीडा अत्यन्त ठूलो हुनसक्छ, तर कुनै मानिसले थाहा पाएको वा अनुभव गरेको भन्दा ठूलो देखिन सक्दैन। कतिले त सान्त्वना दिन असलै नियतले भन्लान् "तपाईंको पीडा मैले अनुभव गरिरहेको छु।" तर यथार्थमा तिनीहरूले त्यो पीडा भोगिरहेको हुँदैन न त भोग्न सक्छन् नै। तिनीहरू आफूले नै भोगेका दुःखकष्टलाई सम्झेर अरूलाई सान्त्वनामात्र दिन सक्छन्। तर त्यो दुःख तिनीहरू आफ्नो मात्र हो अरूको होइन।**

**प्राकृतिक दुर्घट्नाको बारेमा र आतङ्कवाद तथा मानविय कारणले गर्दा अनेकौं मानिसहरूको अनाहकमा मृत्यु भएको हामी सुन्छौं। असंख्य मानिसहरूको मृत्यु भएको, अङ्गभङ्ग भएर वा चोटपटक लागेर पीडा भोगिरहेको समाचार सुन्दा हामीहरूको मनमा धक्का लाग्दछ। यस सुन्दर संसारमा मानिसहरूले भयङ्कर पीडा भोगिरहेकोबारेमा कल्पना गर्न पनि गाऱ्हो छ। तर अय्यूबलाई जस्तो अदनको बगैंचामा आदम र हव्वाले पाएको दुःखदेखि संसारको अन्त्यसम्म हुने प्रत्येक मानिसको दुःखकष्ट, पीडा वा असह्य चोत जसलाई परेको छ उसलाई मात्र थाहा हुन्दछ।**

तर कसैको दुःखमा भोगिरहेको पीडालाई हामीले हलका रूपमा लिन हामी कदापी चाहन्दैनौं। जब र जहाँ भएपनि मानिसहरूले दुःखकष्ट पाउँछन् त्यहाँ येशूभक्त भएको कारणले दुःखमा परेकोहरूलाई सहयोग गर्न हामीहरूलाई आह्वान गरिएको छ (याकूब १:२७, मत्ती २५:३४-४०)। तर यस संसारमा जति सुकै दुःखकष्ट भएतापनि उसले सहनसक्नुभन्दा बेसि दुःख उसमा आइपर्दैन भन्ने परमेश्वरको वचनप्रति हामी कृतज्ञ छौं (तर अपवादको रूपमा एक जनामात्र छन् जुन हामीले अध्याय १२मा पढ्नेछौं)।

मानव जीवनमा पाउने दुःख केवल व्यक्ति व्यक्तिमा मात्र सिमित हुन्छ भन्ने तर्कलाई गहिरिएर सोच्नुहोस्। मानव जीवनले दुःख किन पायो भन्ने अन्यौलमा पार्ने प्रश्नलाई बुझ्न त्यस फरक आत्मज्ञानले तपाईंलाई कसरी सहयोग गर्दछ?

## ४. तानमा कपडा बुन्न प्रयोग गरिएको नुरी वा ज्यावल (अय्यूब ७:१-११)

दुई जना मानिसहरूले देहायको विषयमा छलफल गरिरहेको कल्पना गर्नुहोस्। सबै मानिसहरू एक दिन मर्नैपर्छ तर मरेपछि के होला भनेर एक आफसमा तिनीहरू गुनासो गरिरहेका थिए। जतिसुकै राम्रो र परोपकारिय जीवन बिताएतापनि वा जतिसुकै महान् कामहरू मानिसहरूले गरेतापनि तिनीहरू एक दिन मर्नैपर्छ। सबै थोक मृत्युमा अन्त्य हुन्छ।

"हो" मानौं मेथुसेलाले पनि उनको साथीलाई आफ्नो गुनासो पोखाउँछन् रे। "हामी ८००वा ९०० वर्षसम्म बाँच्छौं, अनि पछि हामी यस धर्तीबाट गायब यहुन्छौं। तर अनन्त समयको सामु ८०० वा ९०० वर्षहरू के हो र?" (रूपान्तरित उत्पत्ति ५ पढ्नुहोस्)।

सयौं वर्ष बाँच्नु भनेको के हो सो कल्पना गर्न हाम्रो निम्ति त्यति सजिलो छैन। (मेथुसेला १८७ वर्षका थिए जब उनले आफ्ना छोरा लामेकलाई जन्माए। अनि बाइबलको मुताविक आफ्नो छोरा जन्मेपछि मेथुसेला ७८२ वर्ष बाँचेको थियो)। नोहाको पालामा भएको जलप्रलय अघि बाँचेका मानिसहरूले पनि एक दिन मृत्युको सामना गर्नुपरेको थियो। धेरै धेरै वर्ष बाँचेका ती मानिसहरूले पनि तिनीहरूको जीवन छोटो थियो भनेर तिनीहरूले गुनासो गरेको हुनुपर्छ।

अय्यूबले आफ्नो गुनासो अय्यूब ७:१-११मा यसरी पोखाउँछन् "१ "के पृथ्वीमा मानिसले कठिन कार्य गर्नुपर्दैन? अनि के त्यसका दिनहरू ज्यालामा काम गर्नेहरूका जस्तै छैनन् र? २ बेलुकीको शीतल छाया खोज्ने

दासले झैं अथवा आफ्नो ज्यालाको निम्ति उत्सुकतापूर्वक पर्खिरहने नोकरझैं, ३ यस्तै व्यर्थका महिना मेरा भाग भएका छन्, दुःखका रातहरू मेरो निम्ति ठहराइएका छन्। ४ जब म ढल्कन्छु, तब म विचार गर्दछु, 'कहिले उज्यालो हुन्छ, र म उठूँ?' रात लामो हुन्छ र मिरमिरे उज्यालो नहोउञ्जेल, म यताउता छटपटाइरहन्छु। ५ मेरो शरीर कीरै-कीराले र पाप्राले भरिएको छ, र मेरो छालामा चिराचिरा परेर पीप निस्कन्छ। ६ "जुलाहाको थुरीभन्दा अर्थात् तानमा धागो छिराउने ज्यावल जस्तै चाँड़ो मेरा दिन बित्छन्, मेरा दिनहरू आशाविना अन्त हुन्छन्। ७ हे परमेश्वर, मेरो जीवन ता हावाको एक झोँक्का मात्र हो भनी सम्झनुहोस्। मैले फेरि सुदिन देख्न पाउनेछैनँ। ८ अहिले मलाई देख्ने आँखाले फेरि कहिल्यै देख्नेछैन, तपाईंले मलाई खोज्नुहुनेछ, तर म लोप भइहाल्नेछु। ९ जसरी बादल फाटेर छताछुल्ल र लोप हुन्छ, त्यसरी नै चिहानमा (वा चितामा) जाने फेरि कहिल्यै फर्कनेछैन। १० त्यो फेरि कहिल्यै घरमा फर्केर आउँदैन, अनि त्यसलाई चिन्नेहरूले त्यसलाई बिर्सनेछन्। ११ "यसकारण म चूप लागि बस्नेछैनँ, मेरो मनको पीरमा म बोल्नेछु, मेरो प्राणको व्याकुलतामा म उजूर गर्नेछु।" त्यही सन्दर्भमा देहायका पदहरूले यसरी व्यक्त गर्दछन्: भजन ३९:५,११ "५ तपाईंले मेरो जीवनकाल बित्ताभरको बनाउनुभएको छ, र मेरो आयु तपाईंको दृष्टिमा केही पनि होइन। मानिसको जीवन एक मुट्ठी सासमा मात्र अड़ेको छ।...११ तपाईंले मानिसलाई त्यसका पापको निम्ति हप्काउनुहुन्छ र ताड़ना दिनुहुन्छ, कीराले खाएझैं त्यसको सम्पत्तिलाई सखाप पारिदिनुहुन्छ। प्रत्येक मानिस एक मुट्ठी सास मात्र हो।" र याकूब ४:१३-१५ "१३ "आज वा भोलि हामी फलानो सहरमा जाऔंला, त्यहाँ एक वर्ष बिताऔंला र व्यापार गरेर नाफा गरौंला" १४ भन्नेहरू अब सुन, भोलि के हुने हो तिमीहरू जान्दैनौ। तिम्रो जिन्दगी के छ? तिमीहरू त तुवाँलो हौ, जो केही बेरको निम्ति देखा पर्छ, अनि हराइहाल्छ। १५ यसको सट्टामा त तिमीहरूले यसो भन्नुपर्ने, "यदि परमेश्वरको इच्छा भयो भने हामी बाँचौंला र यस्तो-उस्तो गरौंला।"

**मरे पछि विश्राम पाउनेछ र वर्तमान जीवनमा आहत भोगिरहेका अय्यूबले मृत्युमा राहत पाउने छ भनेर उनले व्यक्त गरेका मार्मिक चाहना हामीले हेर्‍यौं। अब आफ्नो जीवन कति छिटो जान्छ भनेर उनले गुनासो गर्दछन्। साँच्चै भनौं भने जीवन कठिनमय छ, कडा परिश्रम र पीडाले भरिएको छ भनेर उनले दुखेसो पोखाउँछन्। हामीलाई अकमक पार्ने यो कुराको हामी**

बराबर सामना गर्छौं: जीवन दिक्क लाग्दो र असजिलो भएतापनि हाम्रो जीवन कति छोटो र छिट्टै जान्छ।

दु:खकष्ट र पीडाको समयमा धेरै कुराहरू हुन्छन् जुन् अर्थहिन देखिन्छ। जब हामी कष्टमा पर्छौं प्रायजसो हामीले सोच्ने सामर्थता पनि गुमाएका हुन्छौं। हामीलाई केवल यो मात्र थाहा छ कि हामीलाई चोट परेको छ, हामी डरले छटपटिन्छौं र आशारहित हुन्छौं। अय्यूबलाई जति कुरा राम्रोसँग थाहा भएतापनि (अय्यूब १९:२५) आफ्नो दिक्कपना र आशारहित अवस्थाको बारेमा उनी चित्कार गर्दछन्: "ओहो, मेरो जीवन त फुस्स जाने सास जस्तै हो (अर्थात् छोटो जीवन)! मेरो आँखाले फेरि कहिलै पनि असल कुरो देख्न पाउने छैनन्" (अय्यूब ७:७ रूपान्तरित)। अय्यूबको निम्ति मृत्यु त्यति नजिक भएको कहिलै पनि सम्झेका थिएनन्। तैपनि आफ्नो छोटो जीवनप्रति गुनासो गर्छन्। आफ्नो कष्टमय जीवन जतिसुकै दु:खलाग्दो भएतापनि छिट्टो मर्नुपर्दा आफ्नो दिक्क पोखाउँछन्।

पापले गर्दा पतित हुनु, मर्नु र पुनरुत्थानको प्रतिज्ञा पाउने आत्मज्ञानलाई तपाईंले पाउँदा बर्तमान जीवन कतिको छोटो र छिट्टै जानेरहेछ भनेर कसरी बुझ्नुहुन्छ?

## ५. "मह इनोश?" (MAH ENOSH?) अर्थात् मानिस के हो र? (अय्यूब ७:१७-२१)

हामी फेरि अय्यूबको ठाउँमा हामीलाई राखियौं भने उनले जस्तो प्रश्न हामीले पनि सोध्छौं होला "परमेश्वरले ममाथी यी सबै बिपदहरू किन खन्याउनुभयो? त्यसो मलाई नै किन हुन दिनुभयो?" तर यथार्थमा अय्यूबले उनको पर्दा पछाडि के भइरहेको थियो त्यो बृहत चित्र देखेका थिएनन्? कसरी देख्न सक्थ्ये त? उनको वरिपरि के भइरहेको थियो त्यो मात्र उनले देख्न सकेका थिए। र ती सबै बिपद किन भयो भन्ने मामिला उनलाई थाहै थिएन। त्यो परिस्थितिमा नपर्ने मानिस को नहोला?

अय्यूब ७:१७-२१मा अय्यूबले कस्तो दुखेसो पोखाइरहेका छन्? उनको प्रश्न के थियो? अय्यूबको परिस्थितिलाई हेर्दा उनको गुनासो किन मनासिवै देखिन्छ? हेर्नुहोस्: "१७ “मानिस के हो र तपाईं त्यसको यति धेरै ख्याल गर्नुहुन्छ? अनि तपाईं त्यसको यति धेरै फिक्री गर्नुहुन्छ? १८ बिहानैपिच्छे त्यसलाई तपाईं परीक्षा गर्नुहुन्छ? अथवा प्रतिक्षण त्यसको जाँच गर्नुहुन्छ? १९ के एक क्षण पनि तपाईं मबाट अन्त कतै हेर्नुहुन्न? अथवा

मलाई एकलै छोड्नुहुन्न? २० हे मानिसहरूका हृदय जाँच्नुहुने, यदि मैले पाप गरेको भए, मैले कसरी तपाईंको हानि गरें त? तपाईंले किन मलाई आफ्नो निशाना बनाउनुभयो? के म तपाईंको निम्ति बोझ भएको छु? २१ तपाईं किन मेरो अपराध माफ गर्नुहुन्न र मेरा पाप क्षमा गर्नुहुन्न? किनकि चाँडै म चिहानमा सुतिजानेछु, तपाईंले मलाई खोज्नुहुँदा पनि मलाई पाउनुहुनेछैन।"

**बाइबलका कतिपय चिन्तकहरूले यो बहस गर्दछन् अय्यूबले भजन ८:४-६को उपहास गरिरहेकाछन् जसमा लेखिएको छः "मानिस के हो र तपाईंले उसको वास्ता गर्नुहुन्छ? मानिसको छोरो के हो र तपाईंले उसको हेरचाह गर्नुहुन्छ? स्वर्गका जीवहरू अर्थात् स्वर्गदूतहरूभन्दा तपाईंले अलिकति कमसल बनाउनुभयो। उसमाथि महिमा अर्थात् महान् प्रशंसा र आदरको मुकुट राखिदिनुभयो। तपाईंले सृष्टि गर्नुभएका यावत थोकहरूमाथि अधिकार जमाउन मानिसहरूलाई सृष्टि गर्नुभयो। सबै थोक तिनीहरूको नियन्त्रणमा छोड्नुभयो" (रूपान्तरित, भजन १४४:३ पनि पढ्नुहोस्)। तर समस्याचाहीं के थियो भने भजनको पुस्तक लेख्नुभन्दा धेरै वर्ष अघि अय्यूबको पुस्तक लेखिएको थियो। त्यस परिप्रेक्ष्यमा हेर्ने हो भने भजनका लेखकले अय्यूबको गहिरो शोकको प्रत्युत्तरमा त्यो लेखेको हुनुपर्छ।**

**जे भएतापनि मानिसहरूको दिमागमा धेरै प्रश्न सोधिने क्रममा "माह इनोश?" (मानिस के हो र?) भन्ने महत्त्वपूर्ण प्रश्न हामी सबैले सोध्ने प्रश्न हो। हामी को हौं? हामी यस संसारमा किन छौं? हामीहरूको जीवनको अर्थ के छ? अय्यूबको मामिलामा उनले विश्वास गर्छन् कि परमेश्वरले उनलाई दुःखकष्ट दिन अलग राख्नुभयो। त्यसकारण परमेश्वरले उनमाथि किन चासो राख्नुभयो होला भनेर अचम्म मानेर उहाँसँग दुखेसो पोखाउँछन्। परमेश्वर महान् हुनुहुन्छ। उहाँले अय्यूबको जीवनमा चासो देखाउन के खाँचो छ र? परमेश्वरको परिप्रेक्ष्यमा सोध्दा उहाँले हामी कुनैप्रति चासो देखाउनु किन आवश्यक छ र?**

तर मानिसहरूसँग परमेश्वर किन संलघ्न हुन चाहनुहुन्छ भनेर देहायका दुई पदहरूले कसरी खोतल्दछन्? हेर्नुहोस्ः युहन्ना ३:१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" र यूहन्ना ३:१ "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र

साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन।"

**"सबै मानिसहरूप्रति देखाइएको परमेश्वर पिताको प्रेमको उचाँई, गहिऱ्याई र फराकिलोपनालाई यूहन्नाले महसुस गर्दछन्। उनको (यूहन्नाको) हृदयमा परमेश्वरप्रतिको तारिफले भरिएको हुन्छ र उहाँप्रतिको श्रद्धाले उनी भावविभोर हुन्छन्। यथार्थमा भन्ने हो भने परमेश्वरको प्रेमको वाख्या गर्न उनले सही लवज वा शब्दहरू भेट्टाएका हुँदैनन्। तर सारा संसारलाई उहाँको प्रेमलाई हेर्न उनले आह्वान गर्दछन्: "यो कस्तो महान् छ कि हामी सबैलाई परमेश्वरले सित्तैंमा धेरै प्रेम गर्नुभयो! अब हामीलाई परमेश्वरका सन्तान कहलाउने हक पाएका छौं (रूपान्तरित)। प्रत्येक पुरुष, महिला र बालबालिकालाई परमेश्वरले उच्च मान्यता दिनुभएको छ। पापले गर्दा मानव जगत शैतानको नियन्त्रणमा राखिएको थियो। येशू ख्रीष्टको असिमित बलि तथा त्यागले र उहाँमाथि विश्वास गर्दा आदमको सन्तानलाई परमेश्वरको सन्तान हुन गइएको छ। मानव स्वभावलाई ग्रहण गर्नु हुँदा येशू ख्रीष्टले मानव जातलाई उच्च तहमा राख्नु हुन्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ४, पृ. ५६३बाट रूपान्तरित।**

## उपसंहारः

थप जानकारीः "विज्ञान र विभिन्न तर्क तथा वादहरूलाई पूजा गर्ने संस्कारमा हामी आज जिइरहेकाछौं। त्यसकारण इसाई धर्मले दिने सुसमाचारको प्रभाव झन झन कम भइरहेको छ र त्यसको गरिमा पनि घटिरहेको छ। मानिसको जीवन सुसमाचारको आधारमा जग बसाल्नुपर्छ भन्ने धारणा कमजोर भइरहेको छ र साथै मानिसलाई सुसमाचार सुन्न आवश्यकता छैन भन्ने मनस्थितिले पनि यस संसारमा जग बसालिरहेको छ। त्यस प्रकारको सोचमा क्रुसमा परमेश्वर मर्नुभयो भन्ने ऐतिहासिक तथ्य पनि शंङ्काको घेरामा परिरहेको छ। वेवास्ता गरिएको बिशाल जगतमा रहेको खरबौं तारा तथा ग्रहहरूमा जाबो सानो उपक्षेत ग्रह पृथ्वीको एक सानो र महत्त्वहिन राष्ट्रमा (इस्राएल) दुई हजार वर्ष अघि येशू आउनुभयो र छोटो जीवन बिताउनुभयो भन्ने धारणासँग अहिलेको विश्वले अनावश्यक भएको ठानिरहेको छ। त्यसकारण वौध्दिक मानिसहरूको निम्ति क्रुसमा येशूको मृत्यु र पुनरुत्थानमा विश्वास गर्नु कुनै औचित्य नभएको देखिन्छ। यस सुक्ष्म ग्रहमा के के भइरहेको छ भन्ने कुरामा जगतले चासो देखाउनु असम्भव छ।"-रिचार्ड टारनास, पाशन अभ द वेस्टर्न माइन्ड (न्यु

योर्कः बालन्टिन बुक्स, १९९१), पृ. ३०५बाट रूपान्तरित। उपरोक्त सोचमा के गलत कुरालाई छर्लङ्ग पारिएको छ? त्यस भनाईको लेखकले के कुरामा चुकिरहेका छन्? टारनासले सम्बोधन गरेको कथनमा हामीप्रति परमेश्वरको प्रेमलाई विज्ञान र तर्कले आफ्नो सिमित ज्ञानलाई कसरी उदाङ्ग पारेको छ? यस संसारमा त्यस प्रकारका प्रसङ्गहरूले स्थान पाइरहेको परिप्रेक्ष्यमा हामीहरूले बाइबलको सही सत्य जान्नु किन जरुरी छ? (बाइबल सत्यको अर्थ विज्ञान र मानविय तर्क तथा वादको पहुँच भन्दा पनि बाहिरको मानिन्छ)।

**चिन्तनमननः**

१ "मानिस के हो र? भन्ने प्रश्नको जवाफ तपाईं येशूभक्त हुनुभएको हैशियतले कसरी जवाफ दिनुहुन्छ? बाइबलको परमेश्वरलाई विश्वास नगर्नेहरूको भन्दा तपाईंको जवाफ कसरी फरक हुन्छ?

२ एक जना कोरमाक म्याकर्थी भन्ने व्यक्तिले यसरी व्यक्त गरेका थिए "मृत्युपछि पनि मृत्यु हुन्छ भन्ने कुरामा तपाईं कसरी निश्चित हुनुहुन्छ? जीवित मानिसहरूले नै मृत्यु बोकिरहेको हुन्छ।" हामीहरूका प्रियहरू मरेपछि के हुन्छ भन्ने आत्मज्ञान थाहा पाएर हामीहरूमा कसरी सान्त्वना हुनसक्छ? अहिले तिनीहरू शान्तपूर्वक सुतिरहेका छन्, यस संसारको दुःखकष्ट र समस्याहरूबाट विश्राम लिइरहेका छन् भनेर थाहा पाउँदा के हामीले सान्त्वना पाउँदैनौं र?

३. जीवन जतिसुकै तितो, खराब, असह्य र पीडादायक भएतापनि सास छउँञ्जेल आशा छ भनेर बाँच्न प्रायजसो मानिसहरू किन खोजिरहेका हुन्छन्? के तपाईंलाई थाहा छ?

४ मानव मूल्य वा एकै जना भएकतापनि त्यसको मूल्य र मान्यतालाई क्रुसले कसरी उच्च स्तरमा राखिएको छ, सो सोच्नुहोस्।